# स्थानीय सरकार

# जीतपुरसिमरा राजपत्र


## जीतपुरसिमरा उपमहानगरपालिकाद्धारा प्रकाशित

खण्ड: ४ संख्या: ३ प्रमाणिकरण मिति: २०७८।०५।३१


भाग १

स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

## स्थानीय तहमा वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

<u>प्रस्तावना</u>: स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकास बीच सन्तुलन कायम गर्न तथा प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

मा० कृष्ण प्र. पौडेल

जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा २ नं. प्रदेश नेपाल

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न,

जीतपुरसिमरा उपमहानगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ: (१)यस ऐनको नाम "जीतपुरसिमरा उपमहानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन,२०७८" रहेको छ।

(२)यो ऐन जीतपुरसिमरा उपमहानगरपालिकाको स्थानीय राज पत्रमा सूचना प्रकाशित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क)"अनुकुलन" भन्नाले जलवायू परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायू सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनिकरण गर्ने कार्य सम्झनु पर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरित गृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. २ लाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका को कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनुपर्छ।

(च) "महाशाखा" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका को वातावरण तथा विपद् व्यवस्थापन महाशाखा सम्झनुपर्छ।

(छ) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी सुरक्षित गरिएको खुल्ला स्थल सम्झनुपर्छ।

(ज) "जलवायू परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायूको उतार चढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायूमा क्रमश: देखा पर्ने परिवर्तन सम्झनुपर्छ।

(झ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (इकोसिस्टम) को विविधता, प्रजातिय विविधता (स्पेसिज डाइभरसिटी) तथा वंशाणुगत विविधता (जेनेटिक डाइभरसिटी) सम्झनुपर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा कार्यविधीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(ट) "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनुपर्छ।

(ठ) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय-चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनुपर्छ।

(ड) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्था जन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा नगरपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ।

(ढ) "रसायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुन सुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रसायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राज पत्रमा सुचना प्रकाशन गरी रसायनिक फोहोरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनुपर्छ।

(ण) "जोखिमपूर्ण फोहर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनुपर्छ।

(त) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रासल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ।

(थ)"स्वास्थ्य संस्थाजन्य फोहोरमैला" भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्य जन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनुपर्छ।

(द) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनुपर्छ।

(ध) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वय नगर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था सम्झनुपर्छ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(न) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यीनको अवयवहरु तथा ती अवयवहरुको बिचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनुपर्छ।

(प) “वातावरणीय अध्ययन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनुपर्छ।

(फ) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकुल प्रभाव निराकरण वा न्युनिकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनुपर्छ।

(ब) “प्रारम्भिक वातावरणीय परिक्षण” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनिय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपाय द्वारा निराकरण वा न्युनिकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ।

(भ) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपाय द्वारा निराकरण वा न्युनिकारण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन वा मूल्याङ्कनलाई सम्झनुपर्छ।

(म)“वन” भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनुपर्छ।

(य) “वन पैदावार” भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका पैदावार सम्झनुपर्छः-

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैर काष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(3) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा वा अन्य खनिज जन्य पदार्थ वा

(४) वन्य जन्तु, पशुपंक्षी वा वन्य जन्तुको ओखेटोपहार।

(र) “सम्पदा” भन्नाले जीतपुरसिमरा उपमाहानगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिकोणबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीवजन्तु सम्झनुपर्छ।

(ल) “सिमसार” भन्नाले भूमिगत जलस्रोत वा वर्षातका कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा वगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (SwampLand) दल दले जमिन (Marsh Land) नदीबाट प्रभावित जमिन (Riverine

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

Floodplain), ताल (Lake) पोखरी (Pond) जलभण्डार क्षेत्र (Water Storage Areas) र यहि प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनुपर्छ।

(व)"संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनुपर्छ।

## परिच्छेद २

## वातावरण संरक्षण

३.वातावरण संरक्षण गर्नु पर्ने: (१)आफ्नो क्षेत्राधिकार भित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरण मैत्री समाज निर्माणमा योगदान गर्नु नागरिकको कर्तव्य हुनेछ।

४.वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने:(१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्य नजर गरी नगरपालिका भित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनु अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उदेश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वावातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा नगरपालिकाले प्रदेश सरकार र संघीय सरकार सँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ।

(४) उपफदा (१),(२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(५) उपदफा(४) बमोजिम वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन गर्दा नगरपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्नेछ।

५. सम्पदाको संरक्षण गर्नु पर्ने: (१)नगरपालिका क्षेत्र भित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका ,नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२)सम्पदाको संरक्षणका लागि नगरपालिकाले सरकारी, गैर सरकारी निकाय तथा समुदाय सँग समन्वय तथा साझेदारी गर्न सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

६. <u>वातावरणीय अध्ययन गर्नु पर्ने</u>:(१)प्रचलित कानून तथा मापदण्ड बमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु पर्नेछ।

(२) प्रस्तावकले स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ। वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको निर्णय अधिकार प्रदेश कानुन नबने सम्म सम्बन्धित नगरपालिकालाई नै हुनेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्ताव बारे तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ।

(४) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनिकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँच बुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ।

(६)प्रस्तावकले उपदफा (२) बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व त्यसको कार्यसूची बनाई स्वीकृतीका लागि नगरपालिकामा पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरि सो को प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(८) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व नगरपालिकाबाट कार्यसूची स्वीकृत गर्नु पर्नेछ।

(९) वातावरणीय अध्ययन तथा प्रतिवेदन सम्बन्धि अन्य व्यवस्थाको लागि जीतपुर सिमरा उपमहानगर पालिकाले कार्यविधि बनाई लागु गर्न सक्नेछ । यस दफामा जुन सुकै कुरा लेखिएको भएता पनि प्रस्तावक नगरपालिका आफैं संलग्न भएको अवस्थामा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको निर्णय अधिकार प्रदेश कानुन नबने सम्म सम्बन्धित नगरपालिकालाई नै हुनेछ ।

(१०) वातावरणीय अध्ययन तथा प्रतिवेदन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

७. <u>मापदण्ड र गुणस्तर कायम गर्नु पर्ने</u>(१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ।



डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(२) उपदफा (१) बमोजिमको मापदण्ड वा गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले बढीमा पाँच वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन र वातावरणीय अध्ययन प्रतिवेदन पुनःतयार गर्नु पर्ने अवस्था आएमा त्यस्तो प्रतिवेदन तयार गर्न लाग्ने सम्पूर्ण खर्च परामर्शदाताले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन तयार गर्न नपाउने गरी रोक लगाउँदा कारण समेत खोली निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निर्णय गरेको पन्ध्र दिनभित्र परामर्शदातालाई दिनुपर्नेछ।

८. <u>कार्यसूची तथा अध्ययन प्रतिवेदन स्वीकृती सम्बन्धी व्यवस्था</u>: (१)दफा (६) को उपदफा (६) बमोजिम पेश भएको कार्यसूची स्वीकृत गर्न र दफा (६) को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनको मूल्यांकन तथा सिफारिस गर्न देहाय बमोजिमका समितिहरु गठन हुनेछन् ।

क. वातावरण अध्ययन प्रतिवेदन मूल्यांकन तथा सिफारिस समिति:

१. नगर प्रमुख: संयोजक
२. नगर उपप्रमुख: सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत: सदस्य
४. न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन शाखा प्रमुखः सदस्य
५. वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख: सदस्य सचिव

• वातावरण तथा प्राकृतिक श्रोत सम्बन्धि विज्ञहरुबाट १ जना विज्ञलाई आमन्त्रित गर्न सक्ने ।

ख. प्रस्ताव कार्यान्वयनको प्रक्रिया, नियम पालना र प्रभाव अनुगमन समिति:

१. नगर उप-प्रमुख: संयोजक
२. वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक: सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत: सदस्य
४. योजना तथा पूर्वाधार विकास महाशाखा प्रमुख: सदस्य
५. वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख: सदस्य सचिव

• समितिले सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यलाई आमन्त्रणा गर्न सक्नेछ ।

ग. प्राविधिक समिति:

१. शहरी विकास तथा पूर्वाधार विकास महाशाखा प्रमुख: संयोजक
२. आयोजना तथा कार्यक्रम संग सम्बन्धित क्षेत्रको विषयको विज्ञ: सदस्य
३. वातावरण तथा विपद् व्यवस्थापन महाशाखा प्रमुख: सदस्य सचिव

• समितिले वन कार्यालय, सम्बन्धित विषयगत निकायका प्रमुख तथा प्रतिनिधि वा विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्ने।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(२) दफा (६) बमोजिम पेश भएको प्रस्ताव सम्बन्धी कार्यसूचीका सम्बन्धमा उपदफा १ बमोजिमको समितिले बढीमा पन्ध्र दिन भित्र आवश्यक जाँच बुझ गरी स्वीकृति दिनेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृति दिनु पूर्व उपदफा १ बमोजिमको समितिले थप कुरा बुझ्नुपर्ने भएमा थप समय लिई थप कुरा बुझ्न सक्नेछ र थप कुरा बुझिसके पछी दश दिन भित्र त्यस्तो प्रस्तावमा सुझाव वा सर्त भए त्यस्तो सुझाव वा शर्त सहित स्वीकृति दिनेछ।

(४) दफा ६ बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा उपदफा १ बमोजिमको समितिले प्राप्त प्रतिवेदनको आवश्यक जाँच बुझ गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम जाँच बुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप अध्ययन गर्नु पर्ने देखिएमा उपदफा १ बमोजिमको समितिले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न गराउन सिफारिस गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम गरिएको सिफारिस अनुसार प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने भएमा त्यस्तो प्रतिवेदन तयार गरी प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ।

(७) प्राप्त प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने नदेखिएमा उपदफा १ बमोजिमको समितिले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकि त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रस्ताव पेश भएको पन्ध्र दिन भित्र स्वीकृतीको लागि नगर कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त प्रतिवेदन नगर कार्यपालिकाले एक्काईस दिन भित्र स्वीकृत गर्नेछ।

(९)वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०)यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि प्रस्तावक नगरपालिका आँफै भएको अवस्थामा त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश कानून नबने सम्म सम्बन्धित नगरपालिकालाई नै बमोजिम स्वीकृत हुनेछ।

९.<u>वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्ने</u>:(१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ।

(२)प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनिकरणका उपायहरू मध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भए पछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नु पर्नेछ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्य योजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्ने छ र सो को

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भए पछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

१० .प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने: यो ऐन प्रारम्भ भएपछि कसैले पनि प्रस्ताव स्वीकृत नगराई प्रस्तावको कार्यान्वयन गर्न गराउनु हुँदैन।

११. प्रस्ताव सम्बन्धी अन्य व्यवस्था: (१)वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ।

(२)संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकाय सँग समन्वय गर्ने जिम्मेवारि नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन महाशाखा को हुनेछ।

१२. रोक लगाउन सक्ने: (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके बमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी नगरपालिकाको क्षेत्र भित्र प्रस्ताव कार्यान्वयन गरेमा नगरपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन सक्नेछ। नगरपालिकाको क्षेत्र अधिकार बाहिर नगरपालिकालाई हानि नोक्सानि हुने गरी कसैले त्यस्तो कार्य गरेमा सो कार्य रोक लगाउनको लागि नगरपालिकाले प्रदेश तथा संघीय मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दाबी गर्न पाउने छैन।

१३. अनुकूलन योजना बनाउन सक्ने: (१)जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनिकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(३)कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायू परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नु पर्नेछ।

१४. हरित गृह ग्याँस उत्सर्जन न्यूनिकरणका कार्यहरू गर्न सक्ने: (१)नगरपालिकाले हरित गृह ग्याँस उत्सर्जन न्यूनिकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) हरितगृह ग्याँस उत्सर्जन न्यूनिकरणका लागि नगरपालिकाले न्युनकार्बन क्रियाकलाप तथा विकासपथलाई प्रोत्साहन गर्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(३) उपदफा (१) बमोजिमको न्यूनिकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१५. प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने:**(१)कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जन-स्वास्थ र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा बस्तु बाट ध्वनि, ताप, रेडियो धर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन।

(३) कसैले पनि कुनै प्रकारको दिशा जन्य फोहोर सडक तथा सार्वजनिक स्थलमा बिसर्जन गर्नु हुँदैन।

(४)उपदफा(१), (२) र (३) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले तत्सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(५)कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा नगरपालिकाले सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्रि वितरण, भण्डारनमा बन्देज लगाउन सक्ने छ र प्रदेश तथा संघीय सरकारलाई सो को जानकारी गराउन वा आवश्यक कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

(६) नगरपालिकाले प्रदूषण नियन्त्रणका लागि राष्ट्रिय तथा प्रदेश मापदण्डको कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(७)प्रदूषणको रोक थाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१६. प्रयोगशाला स्थापना गर्न सक्ने:** (१)वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रणका लागि नगरपालिकाले आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न सक्नेछ। आफ्नै प्रयोगशाला नभएको अवस्थामा नगरपालिकाले संघ र प्रदेशले स्थापना गरेको वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालाबाट आवश्यक कार्य गराउन सक्नेछ।

(२)उपदफा (१) बमोजिम स्थापना गरिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१७. नमुना संकलन गर्न दिनुपर्ने:** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदि बाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट खटाईएको अधिकार प्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ। नमुना संकलन गर्ने व्यक्तिल वातावरण विज्ञान वा वातावरण इन्जिनियरिङ्गमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको हुनु पर्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

१८. प्रदूषण नियन्त्रण प्रमाण पत्र दिन सक्ने: (१)नगरपालिकाले प्रदूषण नियन्त्रणमा उल्लेखनीय योगदान गर्ने उद्योग, संस्था, समुह, वा व्यक्तिलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाण पत्र उपलब्ध गराउन सक्नेछ।

(२)प्रदूषण नियन्त्रण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## वातावरण निरीक्षक नियुक्ति सम्बन्धि व्यवस्था

१९. वातावरण निरीक्षक नियुक्त गर्नु पर्ने: नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ ।

२०. वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार: (१) वातावरण निरीक्षकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी,



डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिमको कर्तव्य निर्वाह नगरेमा व्यक्ति, संस्था वा प्रस्तावकलाई प्रचलित कानुन बमोजिम निरिक्षकको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले जरिमाना गर्न सकिनेछः

क. निरिक्षण गर्न नदिएमा वा निरिक्षणमा बाधा उत्पन्न गरेमा पाँच सय देखि बिस हजारसम्म ।

ख. निरिक्षकले मागेको विवरण वा जानकारी नदिएमा वा झुट्टा विवरण दिएमा वा निरिक्षकलाई सहयोग नगरेमा पाँच सय देखि पन्ध्र हजारसम्म ।

(५) उपदफा (४) बमोजिमको सजाय उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पन्ध्र दिन भित्र नगर प्रमुख मार्फत कार्यपालिकामा उजुरी गर्न सक्नेछ ।

(६) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२१. <u>स्थानीय प्रशासनले सहयोग गर्नु पर्नेः</u> निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले प्रहरीको सहयोग माग गरेमा वा कसैले निरीक्षकलाई बाधा-विरोध गरि बल प्रयोग गर्नु पर्ने भएमा स्थानीय प्रशासनले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-४

## फोहर मैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२२. <u>फोहरमैलाको प्रबन्ध गर्ने दायित्वः</u> (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

२३.<u>फोहरमैला व्यवस्थापन गर्ने दायित्व: </u>(१)नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्था जन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरी दिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ।

(४)नगरपालिकाले सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(५)फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान नगरपालिका ( स्वास्थ्य शाखा) ले गर्न गराउन सक्नेछ।

(६)जाँच परिक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा नगरपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ।

२४. <u>फोहरमैला उत्पादन कम गर्ने</u>: (१)नगरपालिका भित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथा शक्य कम गर्नु पर्नेछ।

(२)"आफ्नोक्षेत्र" भित्र बिसर्जन हुन सक्ने फोहरमैलाको बिसर्जन वा पुन: प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ।

<u>स्पष्टिकरण: </u>"आफ्नोक्षेत्र" भन्नाले नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, व्यापारिक स्थल, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनुपर्छ।

२५. <u>फोहर मैला पृथकीकरण</u>: (१)नगरपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा बिभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने व्यवस्था गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिम भएको व्यवस्था अनुसार फोहरमैला स्रोतमै छुट्याउने कार्य त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ। छुट्याईएको फोहरको व्यवस्थापन नगरपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदिको प्रयोग गरी गर्न सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

२६. <u>फोहरमैलाको निष्काशन</u>: (१)फोहरमैला निष्काशनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२)हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३)हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन।

२७. <u>फोहर मैला संकलन केन्द्र</u>: (१)नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ।

(३)उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

२८. <u>जोखिम पूर्ण फोहरको व्यवस्थापन</u>: (१)कुनै जोखिम पूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्रीवितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ।

(२)उपदफा (१) बमोजिम जोखिम पूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ।

(३)जोखिम पूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

२९. <u>फोहरमैलाको न्यूनिकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोग</u>: (१)नगरपालिकाले फोहरमैला न्यूनिकरण, पुन: प्रयोगतथापुन: चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्ने छ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(२)उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुन: प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योग सँग नगरपालिकाले समन्वय गर्न सक्नेछ।

३०. <u>अनुमति सम्बन्धी व्यवस्था</u>: (१)यस ऐन बमोजिम नगरपालिकाको अनुमति नलिई कसैले पनि व्यवसायिक रुपमा फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन।

(२)फोहरमैला व्यवस्थापन गर्न चाहने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ:-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) कानुन बमोजिमका आवश्यक कागजातहरु।

(३)उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर नगरपालिकाले आवश्यक जाँच बुझ गरी अनुमति दिन सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(४)फोहरमैलाको व्यवस्थापन, पुन: चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधि भित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई नगरपालिकाले उपदफा (३) बमोजिम अनुमति दिन सक्नेछ।

(५) अनुमति पत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१.फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नता: (१)नगरपालिकाले आवश्यकता अनुसार अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक संस्थाबाट प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२)उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैर सरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछ:-

(क) फोहरमैलाको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि,
(ख) फोहरमैला संकलन,
(ग) फोहरमैला ढुवानी,
(घ) फोहरमैलाको प्रयोग, पुन: प्रयोग, पुन: चक्रिय प्रयोग वा प्रशोधन,
(ङ) फोहरमैला विसर्जन,
(च) फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन।

३२. प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने: (१)नगरपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा कानुन बमोजिम प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ:-

(क) नगरपालिकालाई बुझाउन कबुल गरेको रकम,
(ख) फोहरमैला बाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,
(ग) आर्थिक तथा प्राविधिक क्षमता,
(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनिकरण,
(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,
(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुन: प्रयोग गर्ने सम्बन्धमा भए नगरपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी।

(३) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले नगरपालिका सँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(४) फोहरमैला व्यवस्थापनमा गैर सरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ।

३३. <u>फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने</u>: (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन नगरपालिकाले गर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकि दिन सक्ने छ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति नगरपालिकाले रद्द गर्न सक्नेछ।

३४. <u>सार्वजनिक निजी साझेदारीमा फोहर मैला व्यवस्थापन गर्न सकिने</u>: (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्था सँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक एवं गैर सरकारी संघ, संस्था सँगको साझेदारीमा फोहरमैला न्यूनिकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात्व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ।

३५. <u>सेवा शुल्क उठाउन सक्ने</u>:(१) नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिम सेवा शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा नगरपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्क नगरपालिका आफैंले वा कुनै संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(४)यस दफामा अन्यत्र जुन सुकै कुरा लेखिएको भएता पनि दफा ३१ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले नगरपालिका सँगभएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट तोकिए बमोजिमको सेवा शुल्क उठाउन सक्नेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहोरमैला व्यवस्थापन निजी क्षेत्रलाई संग्लग्न गरांउदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुटै शिर्षकमा राखि तोकिएको

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

मापदण्डको अधिनमा रहि फोहोरमैलाको व्यवस्थापन, वातावारणीय संरक्षण तथा फोहोरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ।

## परिच्छेद-५

## जैविक विविधता संरक्षण

३६. जैविक विविधताको संरक्षण गर्नु पर्ने: (१) आफ्नो क्षेत्र भित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२)उपदफा(१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूलन हुने गरी देहाय बमोजिम गर्नु पर्नेछ,-

(क) कृषि जन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि.एम.ओ.(GMO) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि परागसेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने।

(ख) सिमसार संरक्षण:

(१) स्थानीय जन-समुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने;

(२) स्थानीय जन-सहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यम द्वारा सिमसारको स्रोतहरु माथि समन्यायिक अवसर दिलाउँदै विवेक पूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने;

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने;

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटा सन्न जीवजन्तु, जलचर, जङ्गली जनावर तथा अन्य जलआश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथा सम्भव सिमसारको व्यवस्थापन र स्थानीय जन समुदायको हितमा परिचालन गर्ने,

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्य योजनाहरुमा स्थानीय जन सहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीय बासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थापन कार्य योजना बनाई लागू गर्ने गराउने,

(१०)सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जन समुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११)सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(३)जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ।

३७. <u>जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने</u>: (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(३) जैविक विविधताको अभिलेखी करण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. <u>स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने</u>: (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नेछ।

३९. <u>खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था</u>: (१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको कानून प्रतिकूल नहुने गरी नगरपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनमा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

४०. <u>जलाधार संरक्षण गर्नु पर्ने</u>: (१)नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धीत निकायको कर्तव्य हुनेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(२) जलाधार क्षेत्र भित्रको सार्वजनिक जग्गामा कसैले पनि बस्ती बसाउने, जग्गाको किन बेच गर्ने, अनुमति बिना घाँस दाउरा, वनभोज र चरी चराउ गर्ने लगायतका जलाधारलाई प्रदूषित र अतिक्रमण गर्ने क्रियाकलाप गर्न गराउन पाईने छैन।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(४) नगरपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि बनाई जलाधार संरक्षण तथा व्यवस्थापन कार्य गर्न सक्नेछ।

## परिच्छेद-६

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

४१. वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नु पर्ने: (१)आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरितक्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) वन, वन पैदावार, वन्य जन्तु तथा हरितक्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३)वन तथा वन पैदावार संरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूलन हुने गरी देहाय बमोजिम गर्नु पर्नेछ।

(क) संघ तथा प्रदेश सँग समन्वय गरी स्थानीय समुदायको सहभागितामा आफ्नो सिमा भित्रका समुदायमा आधारित वन, निजीवन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(ग) स्थानीय समुदायमा रहेको वन जन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञान सँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(घ) वन्य जन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(ङ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(च) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(छ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुऱ्याउने,

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(ज) वन, वनस्पति, वन्य जन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुन:स्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(झ) नगरपालिका क्षेत्र भित्रका जलचरको संरक्षण गर्ने,

(ञ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनिरहेका जनताको गरिवी न्यूनिकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ट) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्य योजना नगरपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने,

(ठ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ड) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(ढ) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही नगरपालिकाक्षेत्र भित्रको जडिबुटी तथा अन्य गैर काष्ट वन पैदावर सम्बन्धि सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने,

४२. <u>निजीवन दर्ता तथा व्यवस्थापन</u>: (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(२)उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँच बुझ गरी नगरपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३)व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसार पसार गर्नु परेमा नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ।

४३. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था</u>: (१) नगरपालिकाले प्रचलित नेपालको कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ।

(२) नगरपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरुर चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिम पूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ।

४४. <u>शहरी वनको विकास र व्यवस्थापन</u>: (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघ संस्था वा निजी क्षेत्रसँगको साझेदारीमा शहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने शहरी वनको वन पैदावार नगरपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

४५. <u>वन क्षेत्रको प्रयोग</u> : नगरपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

४६. <u>नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन</u>: (१)संघीय तथा प्रादेशिक कानून प्रतिकूलन हुनेगरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरी नगरपालिका क्षेत्रभित्र जो कोहीले नगरपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन्।

(२)नगरपलिकाले आफ्नो क्षेत्र भित्र उपदफा(१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(३)नगरपालिका क्षेत्र भित्र उपदफा(१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एकपटक तोकिए बमोजिम अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

४७. <u>खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धन</u>: (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ।

(२)नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूलन हुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ।

(३)खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४८. <u>नदी किनार, नदी उकास, नहर किनार र सडक किनारमा वृक्षारोपण</u>: (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको नदी किनार, नदी उकास, नहर किनार र सडक किनारमा वृक्षारोपण गर्न सक्नेछ।

(२) नगरपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

## परिच्छेद-७

## संस्थागत व्यवस्था

४९ .<u>वातावरण तथा प्राकृतिक श्रोत संरक्षण कोषको स्थापना र सञ्चालन</u>: (१)नगरपालिकाले वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना गर्नेछ।

(२)उपदफा(१) बमोजिमको कोषमा देहायकार कमहरु रहने छन्:

(क) नगरपालिकाले हरेक आर्थिक वर्षमा विनियोजन गरेको रकम,

(ख) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ग) विभिन्न संघ संस्था तथा दातृ निकायबाट प्राप्त रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम।

(३)वातावरण तथा प्राकृतिक श्रोत संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ।

**<u>५०. वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषद् गठन गर्न सक्ने</u>:** (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति-योजना निर्माण गर्न, विभिन्न निकायहरु बिच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरिक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद रहनेछ।

(२)उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने छन्;

(क) नगर प्रमुख: अध्यक्ष

(ख) नगर उपप्रमुख: सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत: सदस्य

(घ) स्वास्थ्य समिति संयोजक: सदस्य

(ङ) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक: सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना: सदस्य

(छ) स्थानीय बासिन्दाहरू मध्ये वन उपभोक्ता समितिहरूबाट १ जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना: सदस्य

(ज) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य: सदस्य

(झ) वातावरण निरीक्षक : सदस्य सचिव

(३)वातावरण तथा प्राकृतिक श्रोत संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ।

**५१. समितिहरु गठन गर्न सक्ने:**_(१)यो ऐनको उद्देश्य पूर्तिको लागि नगरपालिकाले आवश्यकता अनुसार विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(२)उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगरपालिकाले तोकिदिए बमोजिम हुनेछ।

**५२. अनुगमन तथा मूल्यांकन:** १. यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ५२ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद् वा परिषद्ले तोकेको निरीक्षण समितिहरुबाट गरिनेछ।

**५३. वातावरण संरक्षण योजना तर्जुमा गर्ने:** (१)नगरपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा त्यसको कार्यान्वयन गर्नेछ।

(२) नगरपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, प्राकृतिक स्रोतहरुको दीगो उपयोग र वातावरणीय र जैविक विविधताका श्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

४. वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८
## कसूर, जरिवाना तथा क्षतिपुर्ती

**५४. कसूर:** (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कार्य गरे वा गराएमा वा सो को उद्योग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमति पत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला तोकिएको समय भन्दा बाहेक सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई वा घर पालुवा पशुपन्छीका कारण अन्य व्यक्तिको घर, जग्गा, सार्वजनिक स्थल र वातावरण प्रदूषित गराउने,

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न नगरपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइ राखेको सवारी साधन हटाउन इन्कार गर्ने,

(ञ) नगरपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्यसंस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण)फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राज पत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन, उत्सर्जन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) श्रोतमै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मानव र अन्य पशुको दिशा जन्य फोहर, मरेको वा मारेको पशु पंक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने।

(२)वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै कार्य गरेमा,

(ख) प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै कार्य गरेमा,

(ग) नगरपालिकाको क्षेत्र भित्र सार्वजनिक स्थलमा रहेका बिरुवा काट्ने, वन फाँड्ने, वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज कार्य उत्खनन गर्ने, आवाद गर्ने, घर वा छाप्रो बनाउने, व्यसाय सञ्चालन गर्ने वा अतिक्रमण गरे वा गराएमा,

(घ) नगरपालिका क्षेत्रभित्र कसैले छिमेकी वा सार्वजनिक स्थललाई असर गर्ने गरी आफ्नो जग्गामा रुख-विरुवा लगाएमा वा हुर्काएमा,

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(ङ) यस ऐनको दफा ४८ ले गरेको व्यवस्था बाहेकको अवस्थामा नगरपालिकाको क्षेत्रभित्र बग्ने नदी तथा खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, भरौट झिक्ने, गोल वा चून पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने काम गरे वा गराएमा।

**५५.** <u>सजाय तथा जरिवाना</u>: (१)फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले देहायको कसुर गरेमा नगरपालिकाले देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछ:

(क)दफा५५ को उपदफा १ को खण्ड(क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई नगरपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँ सम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँ देखि दश हजार रुपैयाँ सम्म जरिवाना र सोही कसूर तेस्रो वा सो भन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ।

(ख) दफा ५५ को उपदफा १ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पाँच सय रुपैयाँ देखि पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(ग) दफा ५५ को उपदफा १ को खण्ड (ग) बमोजिमको कसूर गर्ने लाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ।

(घ) दफा ५५ को उपदफा १ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गरी अनुमति नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउने छ।

(ङ) दफा ५५ को उपदफा १ को खण्ड (च) बमोजिमको कसूर गर्ने लाई नगरपालिकाले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्नेछ।

(च) दफा ५५ को उपदफा १ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्ने लाई नगरपालिकाले एक हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(छ) दफा ५५ को उपदफा १ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले तीस हजार रुपैयाँ देखि पचास हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(ज) दफा ५५ को उपदफा १ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले पचास हजार रुपैयाँ देखि एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ र सोही कसूर पुन: गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(झ) दफा ५५ को उपदफा १ को खण्ड (ड), (ढ) र (ण) बमजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

(ञ) दफा ५५ को उपदफा १ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ।

(ट) कुनै व्यक्ति, संस्था वा उद्योगले यस दफा बमोजिम गरिएको जरिवाना नतिरेमा नगरपालिकाले त्यस्तो व्यक्ति, संस्था वा उद्योगलाई नगरपालिकाबाट प्राप्त हुने सेवा सुविधाबाट वंचित गराउन सक्नेछ।

(२)वातावरण संरक्षण तथा प्राकृतिक श्रोत सम्बन्धमा कसैले देहायको कसुर गरेमा नगरपालिकाले देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछ:

(क) दफा ५५ को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पाँच लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(ख) दफा ५५ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई दश लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्ने छ।

(ग) कसैले दफा ५५ को उपदफा (२) को खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा त्यस्तो कार्य तुरुन्त रोकी, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई प्रस्ताव कार्यान्वयन गरेको भए यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेको भए सो कार्यलाई सुधार गर्न नगरपालिकाले आदेश दिने छ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ। यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा नगरपालिकाले यस उपदफाको खण्ड (क) र (ख) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ।

(घ) दफा ५५ को उपदफा (२) को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसीनरी औजार, साधन समेत जफत हुनेछ।

(ङ) दफा ५५ को उपदफा (२) को खण्ड (घ) बमोजिमको कसूर गर्नेलाई नगरपालिकाले त्यस्तो रुख-विरुवा हटाउने आदेश दिन सक्नेछ र सो आदेशको पालना नभए नगरपालिका आफैले रुख-विरुवा हटाई हटाउन लाग्ने खर्चको दोब्बर सम्म असुल उपर गर्न सक्नेछ।

(च) दफा ५५ को उपदफा (२) को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई त्यस्तो कार्यमा प्रयोग भएका मेसीनरी औजार, साधन समेत जफत गरी स्थलगत अवस्थाको मूल्याङ्कन अनुसार नगरपालिकाले पाँच हजार रुपैयाँ देखि बिस लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२), मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा नगरपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँ सम्म जरिवाना गरी दुई महिना भित्र यो ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (२) को खण्ड (ग) वा उपदफा(३) बमोजिमदिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाई त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई कालो सूचीमा राख्ने



डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

सम्बन्धमा आवश्यक कारबाही गर्न नगरपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ।

(५) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

५६. क्षतिपूर्ति: (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिम पूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटना जन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत नगरपालिकामा क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँच बुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावक बाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(३)नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छान बिन गर्न नगरपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुने छ र सो समिततिको सिफारिसको आधारमा उपदफा (२) बमोजिम क्षति पूर्ति भराई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५७ .निवेदन दिन सक्ने: (१) कसैले यस ऐन विपरित वातावरणीय अध्ययन प्रतिवेदेन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरित हुने कार्य गरेमा वा गर्न लागेमा नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

५८ .पुनरावेदन: (१) दफा ५६ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतिस दिन भित्र पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ५७ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५९ .सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने: वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै आवास, उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

## परिच्छेद-९
## विविध

६० .ढुङ्गा, गिटि, बालुवा, भरौट उत्खनन, संकलन, उपयोग, बिक्री तथा वितरण सम्बन्धमा: (१) नगरपालिकाले वातावरणीय अध्ययन गरी आफ्नो क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, बालुवा तथा भरौटको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण संघीय सरकार तथा प्रदेश सरकारले जारी गरेको ऐन तथा मापदण्ड अनुरुप गर्न सक्नेछ।

(२)उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

(३)ढुङ्गा, गिटि, बालुवा, भरौट लगायतका नदी जन्य पदार्थको बिक्रि वितरणका लागि बोलपत्र सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

६१. भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन: संघीय तथा प्रदेश कानूनको अधिनमा रही नगरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

६२. समन्वय र सहजीकरण गर्ने: वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

६३. सर्वेक्षण: नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्‍न सक्नेछ।

६४ .जिवन चक्र लेखा-जोखा: नगरपलिकाले वातावरण संरक्षण गर्ने सन्दर्भमा कुनै वस्तु वा सेवा कहाँबाट उत्पत्ति हुन्छ, समाज, अर्थतन्त्र र पारिस्थितिकीय प्रणालीका कुन कुन अवयवहरुमा प्रवेश गर्छ र कहाँ अन्त्य वा विसर्जित हुन्छ र त्यस्ले आफ्नो जिवन चक्रमा प्रकृति र मानव समाजमा कस्तो प्रभाव पार्न सक्छ भनी यकिन गर्न कुनै वस्तु वा सेवाको जिवन चक्र लेखा-जोखा (Life Cycle Assessment) गर्न गराउन सक्नेछ।

६५ .गुनासो व्यवस्थापन: नगरपालिका भित्रको वातावरण, वातावरण संरक्षण, प्राकृतिक श्रोत व्यवस्थापन तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन तथा त्यसको सम्बोधन महाशाखाले गर्न सक्नेछ।

६६. पुरस्कार दिन सक्ने: १) फोहोरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहोरमैला व्यवस्थापन कार्यमा योगदान दिने व्यक्तिलाई वा संस्थालाई नगरपालिकाले पुरस्कार दिन सक्नेछ।

२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहोरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी गर्ने व्यक्तिलाई नगरपालिकाले सम्मान एंव नगद पुरस्कार वा जिन्सी पुरस्कार समेत दिन सक्नेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख

६७. <u>परामर्श लिन सक्ने</u>: नगरसभा, कार्यपालिका वा महाशाखाले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

६८ <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>: नगरपालिकाले यस ऐन अन्तर्गत आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार विपद तथा वातावरण महाशाखा, वातावरण निरीक्षकलाई प्रत्यायोजन गर्न सक्नेछ।

६९ <u>प्रचलित कानून बमोजिम हुने</u>: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

७०. <u>नियम बनाउन सक्ने</u>: यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।

७१ <u>मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने</u>: यस ऐन कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

७२ <u>बचाउ</u>: यो ऐन लागू हुनु पूर्व भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

डा० कृष्ण प्र. पौडेल
नगर प्रमुख